परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक ३६ •२०८० वैशाख १८ गते सोमबार •(1 May-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## मधेस प्रदेशमा १७ वैशाख बालविवाह विरुद्धको दिवस



■ टक नेपाल

जनकपुरधाम । मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले वैशाख १७ गतेलाई प्रदेश सरकारले बालविवाह विरुद्धको दिवसका रुपमा मनाउने घोषणा गरेका छन् । जनकपुरधाममा आइतबारदेखि सुरु भएको दुई दिवसीय मधेस बालिका सम्मेलन-२०८० लाई उद्घाटन गर्दै मुख्यमन्त्री यादवले सन् २०३० सम्ममा मधेस प्रदेशलाई बालविवाह मुक्त बनाउन रणनीतिक योजना ल्याएको बताए । १० वर्षे रणनीतिक योजना र बाल सहभागिता कार्यविधि स्वीकृत भइसकेको जनाउँदै उनले प्रदेशमा बालविवाह अन्त्य गर्ने अभियानलाई तदारुकताका साथ अघि बढाउने बताए । लाइफ नेपाल नामक संस्थाको समन्वय तथा करिब दुई दर्जन संघसंस्थाको सहयोगमा महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले आयोजना गरेको बालिका सम्मेलनमा मुख्यमन्त्री यादवले यस्ता कार्यक्रमले प्रदेशमा बालविवाह विरुद्धको अभियान अघि बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे । बालबालिकाको हकहितका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै 'बेटी पढाऊ, बेटी बचाउ' अभियान पनि प्रदेशका बालिकालाई सशक्त पार्ने उद्देश्यले संचालन गरिएको जानकारी दिए । बालबालिका लाई विद्यालयमा ल्याउन र टिकाउन दलित शिक्षा अभियान सञ्चालन गरिएको बताउँदै मुख्यमन्त्री यादवले प्रदेशमा बालिकालाई सशक्त बनाउने अभियानलाई यसले बल पुऱ्याउने विश्वास व्यक्त गरे । उद्घाटन सत्रमा प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेश प्रसाद यादवले अन्य प्रदेशको तुलनामा मधेस प्रदेश साक्षरमा पछाडि रहेको जिकिर गर्दै सबैलाई साक्षर बनाएर प्रदेशलाई बालविवाह मुक्त बनाउने प्रस्ट पारे । सबै साक्षर भएमा मात्रै यस प्रकारको सामाजिक विकृति रोक्न सकिने उनको भनाइ छ । सो अवसरमा सुरुङ्गा नगरपालिकाकी मेयर गीता चौधरीले बालविवाहका मतिहारहरुलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्ने बताइन् । प्रदेशका १३६ पालिकामध्ये सुरुङ्गा नगरपालिका मात्र अहिलेसम्म बालविवाह मुक्त घोषणा भएको छ । चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले बालविवाह विरुद्धको अभियानमा भागी विवाह चुनौती रहेको बताए । सोमबार जनकपुरधाम घोषणापत्र सार्वजनिक गर्दै दुई दिने बालिका सम्मेलन समापन हुनेछ । सम्मेलनमा प्रदेशका आठै जिल्लाका करिब २ सय बालिका सहभागी भएको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयका सचिव रंजित यादवले बताए ।

## उपेन्द्र यादवको जीतमा खुसीयाली :

# हात्तीको सवारीदेखि चाँदीको मुकुटसम्म

■ टक नेपाल



बारा । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले बारा-२ बाट चुनाव जितेकोमा धुमधामले खुशियाली मनाइएको छ । चुनाव जिते लगत्तै आफ्नो चुनावी क्षेत्रमा ६ दिनसम्म विजयोत्सव मनाएर यादव आफ्नो गृह जिल्ला मोरङ (विराटनगर) प्रस्थान गरेका छन्। वैशाख १२ गते चुनावको परिणाम आए लगत्तै बारामा यादवको विजय उत्सव सुरु भएको थियो । विजय उत्सवका लागि रौतहटबाट हात्ती ल्याइएको थियो। अध्यक्ष यादवलाई निर्वाचित भएको क्षेत्रमा हात्ती चढाएर घुमाउने योजना बनाइए पनि उनले हात्ती चढेर घुम्न भने मानेनन् । मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र अर्थमन्त्री सञ्जय यादवले सो हात्ती चढेर निर्वाचन क्षेत्र घुमेका थिए । पाँच दिनसम्म पुरै क्षेत्रमा घुमेर अध्यक्ष यादवले मतदाताहरूलाई धन्यवाद दिए। आइतबार अन्तिम दिन कलैया उपमहा नगरपालिकाका जनप्रतिनिधिहरूले दुई सय केजीको माला र चाँदीको मुकुट लगाएर अध्यक्ष यादवलाई बधाई दिएका छन् । जसपाबाट उपमहानगरपालिकामा जितेका जनप्रतिनिधिहरूले कार्यक्रमको आयोजना गरेका थिए । उनी चाँदीको मुकुट ग्रहण गरेर आइतबार विराटनगर गएका हुन् । यादवले मङ्गलवार प्रतिनिधिसभा सदस्यको शपथ लिने कार्यक्रम छ ।

## लालबन्दीमा अढाइ सय क्षयरोगी भेटिए

■ टक नेपाल

सर्लाही । लालबन्दी नगर पालिकामा हालसम्म करिब अढाइ सय जना क्षयरोगी फेला परेका छन् । सत्र वडा रहेको सो नगरपालिकामा हालसम्म दुई सय ५४ क्षयरोगी फेला परेका नगर स्वास्थ्य शाखाका प्रमुख मुमताज मिक्रानीले जानकारी दिए । उनका अनुसार नगर पालिकामा गत आर्थिक वर्ष २०७८/७९ मा एक सय ५७ र चालु आव २०७९/८० को हालसम्म ९७ गरी दुई सय ५४ जना क्षयरोगका बिरामी फेला परेका हुन् । नगरभित्र क्षयरोगीका बिरामीको खोजतलास भइरहेको साथै हालसम्म फेला परेका क्षयरोगका बिरामीले नियमित औषधि सेवन गरिरहेका नगर स्वास्थ्य शाखाले जनाएको छ । विशेषगरी नगरभित्रका दलित, गरिब एवम आर्थिक रूपमा विपन्न समुदायमा यो रोग बढी देखा परेको पाइएको नगर स्वास्थ्य शाखाका सह संयोजक सुरेन्द्र खतिवडाले जानकारी दिए । क्षयरोगमुक्त नगर पालिका घोषणा अभियानको सुरु गर्दै गरिएको कार्यक्रममा नगर स्वास्थ्य शाखाले नगर भित्र हालसम्म दुई सय ५४ जना मानिसमा क्षयरोग देखा परेको र अरु मानिसको पनि पहिचान गर्ने काम भइरहेको जनाएको छ । नेपाल सरकारले ल्याएको नीतिलाई स्थानीय तहका रुपमा नगरपालिकाले पनि अवलम्बन गरेको र नगरभित्र हाल रहेका क्षयरोगीलाई नियमित औषध सेवन गर्न आग्रह गर्दै अरु क्षयरोगीको पहिचान गर्ने काम पनि गरिरहेको नगर प्रमुख वासुदेव अधिकारीले बताए । उनले नगरपालिकालाई क्षयरोगमुक्त बनाउने प्रतिबद्धतासमेत व्यक्त गरे । वर्तमान अवस्थामा क्षयरोग कम चर्चाको रुपमा हेरिएको भए पनि क्षयरोग एकदम जर्जर अवस्थामा रहेको नगर स्वास्थ्य शाखाले जनाएको छ ।

नयाँ वर्ष २०८० को अफर आयो ।
Hero
★ नयाँ वर्ष आयो हिरोको अफर पायो । पुरानो दिनुहोस् नयाँ हिरो लिनुहोस् । ★
बम्पर रु १,00000
हरेक Scratch कुपन रु १,00000 सम्म
Hero को नयाँ शाखा महेन्द्रनगरमा
मिति : २०८० वैशाख १ गते देखि २० गतेसम्म मात्र
थप ADDITIONAL VALUATION Rs.10,000/-
साथै सर्भिसिङ्ग क्याम्प
१०% छुट स्पेयर पार्टस
नि:शुल्क वासिङ
MEGA-XCHANGE
कुनै पनि मोटरसाईकल वा स्कूटर प्रचलित बजार VALUATIONभन्दा रु.१०,०००/- थप
सर्भिसिङ्ग लेबर शुल्क ★ रु. ९९ मात्र
SANTI AUTO ENTERPRISES
Bardibas, Mahottari
Mob No. 9824850969, 9812149614
Sunrises Bank भवनको मुनि
Address : Mahendranagar
Mob No. 9812088012, 9812006189
Krishi Bikas Bank भवनको मुनि
यो सुविधा बर्दिबास र महेन्द्रनगर Hero स्वरुममा

## ....सम्पादकीय

### महावीरपुनको माग स्वागतयोग्य !

सरकारले खोज अनुसन्धान र आविष्कारमा बेवास्ता गरेको भन्दै बैज्ञानिक महावीर पुन आन्दोलनमा उत्रेका छन् । शुक्रबार बाट सुरु भएको धर्ना आन्दोलनमा ऐक्यवद्धता प्रकट गर्नेहरुको भीड लाग्न थालेको छ । राष्ट्रिय आविश्कार केन्द्र स्थापना गरेर मुलुकलाई निकै ठूलो योगदान पुऱ्याइरहेका पुनले 'अनुसन्धान, नवप्रवर्तन र आविष्कार कोष'को कार्य अघि बढाउनु पर्ने माग राखेका छन् । आविष्कार गर्ने नेपालीका लागि प्रत्येक वर्ष संघीय र प्रदेश सरकारले अनिवार्य रकम छुट्याउनुपर्ने लगायतका माग पनि उनले अघि सारेका छन् । नेपालका लागि आवश्यक बस्तु सकेसम्म नेपालमै उत्पादन गर्नु पर्ने विषयमा बैज्ञानिक पुनले जोड दिँदै आएका छन् । यसका लागि सरकारले ठोस कदम चालोस भन्ने उनको माग हो । सरकारले पटक पटक झुक्याउँदै आएका कारण आन्दोलनमै उत्रनु उनको वाध्यता हो । पुनले नै दिएको सुझाव अनुसार २०७६ सालमा सरकारले विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोष स्थापना गर्ने कार्यक्रम ल्याएको थियो । कोषमा एक अर्ब रुपैयाँ राखेर नवप्रवर्तन कोष सञ्चालन गरिने भनिए पनि सरकारले कुनै काम कारबाही अघि नबढाएपछि आन्दोलनमा उत्रन पुन वाध्य भएका हुन् । महावीरसँगै धर्नामा बसेकाहरूले स्टार्टअप उद्यमीहरूलाई प्रोत्साहन गर, अनुसन्धान, नवप्रवर्तन र आविष्कार जगतमा युवा सहभागितालगायत नारा लेखिएका प्लेकार्ड बोकेका छन् । माग पुरा नभएसम्म धर्ना कार्यक्रमलाई रातको समयमा पनि अविच्छिन्न रुपमा अघि बढाउने उद्घोष बैज्ञानिक पुनले गरेका छन् । नेपालको आयत निर्यात तथा व्यापार घाटाको अवस्थालाई विश्लेषण गर्नेहरुले अनुसन्धान, नवप्रवर्तन र आविष्कारको क्षेत्रमा अर्को गोविन्द केसीको आवश्यकता औंल्याएका थिए । जसको नेतृत्व पुनले गरेका छन् । उदाहरणका लागि कोरोनाकालमा सरकारले प्रति गोटा ४ हजार रुपैंयाँ खर्च गरेर विदेशबाट पिपिइ आयत गरिरहँदा पुनले स्वदेशमै ७ सय रुपैंयामा पिपिई निर्माण गरिदिए । जुन पिपिई भारतमा समेत निर्यात भयो । पिपिई त उदाहरण मात्रै हो , यस्ता धेरै उत्पादन नेपालमै संभव छ भन्ने कुरा पुनले प्रमाणित गरेर देखाई सकेका छन् । एकातिर देशको श्रम शक्ति खेर गइरहेको छ , अर्को तर्फ विदेशबाट तयारी बस्तु आयतमा निकै नै ठूलो धनराशी खर्च भइरहेको छ । विदेशबाट तयारी बस्तुको सट्टा कच्चा पदार्थ तथा पाटपुर्जा मात्रै आयत गर्ने हो भने मात्रै नेपालको बेरोजगारी समस्या समाधान हुन्छ । यसैगरी स्वदेशबाट अप्रसोधित कच्चा पदार्थ निर्यात गर्नुको सट्टा प्रसोधित तथा तयारी बस्तु निर्यात गर्दा रोजगारी तथा आम्दानी बढ्छ । नेपालले अब गर्नुपर्ने भनेको त्यही हो । हुन त एकथरी अर्थशास्त्रीहरुले खुला बजार र उदार अर्थनीतिमा जोड दिने गरेको पाइन्छ । तर यस्तो अर्थनीति भनेको श्रमशक्तिको अभाव भएका देशका लागि हो । श्रम शक्ति खेर गएको नेपाल जस्तो देशका लागि युरोप अमेरिकामा पढेका अर्थशास्त्रीहरुले भन्दा अभियान्ता महावीर पुनले अघि सारेको नीति नै उपयुक्त हुन्छ । थोरै महंगो भए पनि स्वदेशी उत्पादन नै प्रयोग गर्ने गरी सामाजिक जागरण ल्याउन आजको आवश्यकता हो ।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्

अनुराग कु. यादव

९८१४२३७४०८, ९८०७८२१०१४

९८६३२१०१४

टक नेपाल राष्ट्रिय दैनिक पत्रिका

# गठबन्धन जोडघटाउकै अलमलमा प्रचण्ड



■ टक नेपाल

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सरकारमा सहभागी हुन आग्रह गरेका छन् । रास्वपा सभापति रवि लामिछानेसँग आइत्वबार बिहान भेटमा प्रधानमन्त्री प्रचण्डले सरकारमा सहभागी हुन प्रस्ताव गरेका हुन् । सभापति लामिछानेले भने सरकारमा सहभागी हुनु अगाडि पार्टीले अगाडि बढाउने एजेण्डा सम्बोधन हुनुपर्ने शर्त राखेको रास्वपाका महामन्त्री मुकुल ढकालले बताए । 'प्रधानमन्त्रीले रास्वपालाई सरकारमा आउन भन्नुभयो,' ढकालले भने, 'तर सभापतिले भ्रष्टाचारीको फाइल खोल्ने कुरालाई सरकारले नीति तथा कार्यक्रमबाट हटाएको विषय उठाउनुभयो ।' उनका अनुसार, आइतबार भएको सम्वादकै आधार मा रास्वपा सरकारमा जाने सम्भावना कम छ । 'पार्टी निर्माण गर्न र सरकारमा नजान जनताले सन्देश दिएको बुझेका छौं', ढकालले भने, 'सभापतिले पनि हामीले प्रतिपक्षमा बस्छौं भन्ने कुरा भन्नुभयो ।' सरकारमा जाने वा नजानेबारे रास्वपाले सोमबार बस्ने बैठकबाट औपचारिक निर्णय गर्ने तयारी गरेको छ । १० वैशाखमा सम्पन्न उपनिर्वाचनबाट सभापति लामिछाने चितवन-२ र स्वर्णिम वाग्ले तनहुँ-१ बाट फराकिलो मतान्तरले जितेर आएका छन् । उपनिर्वाचन लगत्तै प्रधानमन्त्री प्रचण्डले रास्वपालाई सरकारमा ल्याउने पहल अगाडि बढाएका हुन् । संस्कृति, पर्यटन एवम् नागरिक उड्ययन मन्त्री सुदन किराँतीले शुक्रबार सार्वजनिक रुपमै रवि लामिछानेलाई रोजेको मन्त्रालय दिएर सरकारमा सहभागी गराउनुपर्ने अभिव्यक्ति दिएका थिए । यसको दुई दिनभित्रै प्रधानमन्त्री प्रचण्डले सभापति लामिछानेलाई भेटेरै सरकारमा सामेल हुन आग्रह गरेका छन् । नेताहरुका अनुसार, रास्वपालाई सरकारमा सहभागी गराउने प्रचण्डको मनसायकै कारण मन्त्रिपरिषद विस्तार फेरि रोकिएको छ । यसअघि उपनिर्वाचन लगत्तै मन्त्रिपरिषदलाई पूर्णता दिने प्रचण्डको तयारी थियो । तर उपनिर्वाचनमा रास्वपा सभापति लामिछानेले गत मंसिरको आमचुनाव भन्दा धेरै मत ल्याएर जिते भने सत्तारुढ गठबन्धनका उम्मेदवार कांग्रेसका गोविन्द भट्टराईलाई हराएर तनहुँबाट रास्वपाको अर्को सिट बढ्यो । उपनिर्वाचनको यही नतिजापछि प्रधानमन्त्री प्रचण्ड आफैं रास्वपालाई सरकारमा सहभागी हुन आग्रह गर्ने अवस्थामा देखिएका छन् । जबकी यसअघि रास्वपाले १० पुसको सहमति अनुसार, गृह मन्त्रालय नपाएकै भनेर गत २२ माघमा सरकार छोड्ने निर्णय लिएको थियो । तर अहिले तिनै रास्वपा फकाउनतिर प्रचण्ड लाग्दा मन्त्रिपरिषदले पूर्णता पाउन सकेको छैन । अझ रास्वपाले सरकारमा सहभागी हुने निर्णय लिएमा प्रचण्डले तत्काल मन्त्रिपरिषद विस्तार गर्न सक्ने अवस्था देखिँदैन । किनकी रास्वपा सरकारमा सहभागी भए अहिले सत्तारुढबीच भएको भागबण्डा फेरि भत्काउनुपर्ने हुनसक्छ । त्यसका लागि सत्तारुढ नेताहरु फेरि अर्को छलफलमा बस्नुपर्ने र नयाँ तरिकाले भागबण्डा गर्नुपर्ने अवस्था आउन सक्छ । अर्थात् लगातार सत्ता गठबन्धन भत्काउने र बनाउनेमै फेरि पनि प्रचण्डको समय जाने देखिन्छ । तीनै तहको चुनावमा सहकार्य गरेको नेपाली कांग्रेस नेतृत्वको गठबन्धन तोडेर प्रधानमन्त्री भएपछि प्रचण्ड लगातार सत्ता गठबन्धन बनाउने, भत्काउने, थप्ने र घटाउने गरिरहेका छन् । १० पुसमा एमाले नेतृत्वमा सात दलीय गठबन्धन बनेको थियो । त्यसै आधार मा प्रचण्ड प्रधानमन्त्री भए । तर प्रचण्डले गठबन्धन बदल्ने मनसाय बनाएपछि सुरुमा रास्वपा, अनि राप्रपा र एमाले सत्ताबाट बाहिरियो । २५ फागुनको राष्ट्रपति चुनावका लागि १३ फागुनमा प्रधानमन्त्री प्रचण्ड कांग्रेस नेतृत्वको गठबन्धनमै फर्कने निर्णयमा पुग्दा सत्ता गठबन्धन १० दलीय हुन पुग्यो । तर त्यो गठबन्धन एकमत देखिएन । १० वैशाखको उपनिर्वाचनमा दश दलीय गठबन्धन एक ठाउँ रहन सकेन । प्रमुख पाँच दलबीच रास्वपा, जनमत पार्टी र नागरिक उन्मुक्तिले अलग्गै उम्मेदवारी दियो । रास्वपाले सत्तारुढकै गठबन्धन हराएर चुनाव जित्यो । यो गठबन्धन बनाउने र भत्काउने चक्रमा प्रचण्डको मन्त्रिपरिषद अहिलेसम्म पूर्ण हुन सकेको छैन । प्रचण्ड नेतृत्वको यो सरकारबाट राजीनामा दिने मन्त्री संख्या १७ पुग्दा अझै चार मन्त्रालयले विभागीय नेतृत्व पाउन सकेको छैन । १७ चैतमा जनमत पार्टीका अब्दुल खानले खानेपानी मन्त्रीबाट दिएको राजीनामा बुझेका प्रचण्डले ३ वैशाखमा एनपी साउदलाई परराष्ट्रमन्त्री नियुक्त गरेका छन् । वन तथा वातावरण, स्वास्थ्य तथा जनसंख्या, युवा तथा खेलकुद र खाने पानी मन्त्रालय प्रधानमन्त्री प्रचण्ड आफैंले सम्हालिरहेका छन् ।

### मन्त्री नपठाएका कांग्रेस–जसपा

यो चार महिनाको अवधिमा प्रधानमन्त्री प्रचण्डले आठौंपटक मन्त्रिपरिषद विस्तार गरिसकेका छन् । तर अझैपनि सत्ता साझेदार कांग्रेस र जसपाकै भागमा परेको मन्त्रीको सूची प्रधानमन्त्री प्रचण्डले पाउन सकेका छैनन् । पूर्व सहमतिअनुसार, कांग्रेसबाट ८ मन्त्री र एक राज्य मन्त्री पाउनुपर्ने हो । तर भागवण्डा मिलाउन जनमत पार्टीले छाडेको खानेपानी मन्त्रालय लिने नेताहरु बताउँछन् । त्यसमध्ये संस्थापन पक्षबाट ५ जना सरकारमा गइसकेका छन् । नेताहरुका अनुसार, संस्थापन पक्षले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारीमा मोहन बस्नेतलाई पठाउन चाहेको छ । संस्थापन इतर बाट कानुन, न्याय तथा संसदीय मामिला, खाने पानी र यूवा तथा खेलकुद मन्त्री र एक राज्यमन्त्री हुने नेताहरुको दाबी छ । शेखर-गगन पक्षबाट उपसभापति धनराज गुरुङ, सांसदद्वय डिगबहादुर लिम्बु र सुरेन्द्र आचार्य मन्त्रीका सम्भावित उम्मेदवार हुन् । उपसभापति गुरुङलाई मन्त्री बनाउने बचन सभापति शेरबहादुर देउवाले दिएका थिए । मोरङ-१ बाट निर्वाचित लिम्बुलाई मन्त्री पदमा पुऱ्याउन संस्थापनइतरका नेता शेखरको चाहना रहेको नेताहरु बताउँछन् । कपिलवस्तु-२ बाट निर्वाचित सुरेन्द्र आचार्य अकस्मात मन्त्रीको चर्चामा आएका थिए । आचार्य राष्ट्रपति रामचन्द्र पौडेल निकट मानिन्छन् । तीन मन्त्री पाउनुपर्ने संस्थापनइतरको अडानमा सभापति देउवाले राष्ट्रपति कार्ड खेलेको उक्त समूहका नेताहरु बताउँछन् । 'हाम्रो समूहलाई तीन जना दिएका हुन् र राष्ट्रपतिको भाग पनि पुऱ्याउने गरी सभापतिले खेलेको चाल हो,' संस्थापनइतरका एक नेताले भने, 'एक गोलीले तीन शिकार गर्ने सभापतिको खेल हो ।' संस्थापन इतर समूहका नेताहरुका अनुसार पूर्व राज्यमन्त्री अचार्यले मन्त्री दाबी गरेका छन् । मन्त्रीका दाबेदार सहमहामन्त्रीद्वय जीवन परियार र बद्री पाण्डे र नेता प्रदीप पौडेलको राज्यमन्त्रीमा नजाने भएकाले मुक्ताकुमारी यादव र दिक्पालकुमार शाही मध्ये एक जना राज्यमन्त्री हुने लाइनमा रहेको संस्थापनइतरका नेताले जानकारी दिए । धनुषाकी यादव समानुपातिक सांसद हुन् । शाहीले दैलेख-२ बाट प्रत्यक्ष चुनाव जितेका थिए । प्रधानमन्त्री प्रचण्डले सम्हालिरहेको वन तथा वातावरण मन्त्रालय जसपाको भागमा परेको छ । तर प्रधानमन्त्रीले यसबारे थप छलफल नगरेको जसपाका नेता मनिष सुमन बताउँछन् । 'प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्न भनेर नाम पठाउन भन्नुभएकै छैन । उहाँले भन्नुभयो भने अर्को व्यक्तिको नाम पठाइहाल्छौं', उनले भने । सत्तारुढभित्र बारा-२ बाट उपनिर्वाचन जितेर आएका जसपा अध्यक्ष उपेन्द्र यादव आफैं सरकारमा जान चाहेको अनुमान गरिँदै आएको छ । १७ चैतमा मन्त्रिपरिषद विस्तार हुँदा जसपाको भागमा दुई मन्त्रालय परेपनि अशोक राईलाई मात्रै सरकारमा पठाइएकाले त्यो अनुमान थप बलशाली देखिन्छ । यद्यपि जसपाकै नेताहरु भने अध्यक्ष यादव सरकारमा जाने संभावना न्यून रहेको बताउँछन् ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। | तुला | कर्मका प्रेरक र सहयोगी बढ्नाले कर्मसाधना सिद्ध हुनेछ। |
| बृष | अग्रज तथा सहयोगीहरू जुट्नाले चिताएका काम सम्पादन हुनेछन्। | वृश्चिक | सम्भावना देखिए पनि ठूलो उपलब्धि प्राप्त नहुन सक्छ। |
| मिथुन | कर्मयोगबाट मनग्य आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ। | धनु | कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। |
| कर्कट | प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ। | मकर | नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला। |
| सिंह | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। | कुम्भ | चुनौती अँगाल्नुपरे पनि प्रतिस्पर्धाले भविष्यको बाटो देखाउनेछ। |
| कन्या | आज लक्ष्मीको कृपा प्राप्त हुनाले मनग्य धन लाभ हुनेछ। | मीन | स्वास्थ्यगत कमजोरीले काममा विलम्ब हुन सक्छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# 'गुठी संस्कृति र सम्पदा संरक्षणमा चुनौती थपिँदै गयो'

■ टक नेपाल

काठमाडौँ । गुठी संस्थान सञ्चालक समितिका अध्यक्ष डा शिवराज पण्डितले समय सापेक्ष ऐन, कानुन नहुँदा गुठी संस्कृति र सम्पदा संरक्षणमा चुनौती थपिँदै गएको बताउनुभएको छ। जनकपुरधाममा आज आयोजित गुठी संस्कृति र सम्पदा संरक्षण विषयक अन्तरक्रियामा अध्यक्ष पण्डितले समय सापेक्ष कानुन नबन्दा सम्पदा संरक्षण, सञ्चालन, व्यवस्थापन तथा संवर्द्धनमा चुनौति थपिँदै गएकोले सरकारले यसतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले सार्वजनिक हित र परोपकारी भावनाका साथ पुर्खाहरुले छुट्याइ दिएका चल-अचल सम्पत्तिमाथि पछिल्लो समय बढ्दै गएको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि सहयोग गर्न स्थानीय जनप्रतिनिधि एवं सरोकारवालाहरुलाई आग्रह गर्नुभयो । कार्यक्रममा मधेश प्रदेशसभा सदस्य एवं एमाले नेता दीपेन्द्र ठाकुरले गुठी संस्कृति र सम्पदा संरक्षण गर्ने दायित्व सबै तह, सरकार र पक्षको भएकाले राजनीतिक दलका तर्फबाट संरक्षण कार्यमा सधै सहयोग रहने बताउनुभयो । वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिहंले गुठी संस्थानले स्थानीय तहको जिम्मेवारी रहने गरी समय सापेक्ष ऐन कानुन संशोधन गरी समन्वयको अवस्था सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले अधिकार र जिम्मेवारी दिएमा आफ्नो क्षेत्रभित्र रहेका गुठीको संरक्षण गर्न स्थानीय तह सक्षम रहेको समेत बताउनुभयो । गुठी संस्थान शाखा कार्यालय काठमाडौँका प्रमुख राजेन्द्र दाहालले हाल देशभर ७२ जिल्लामा विभिन्न प्रकारका गुठी जग्गा, मठमन्दिर, पाटी, पौवा र पोखरी गरी दुई हजार ८२ राजगुठी रहेको जानकारी दिनुभयो । त्यसमध्ये अमानतमा सञ्चालित एक हजार ५० र छुटमा सञ्चालित एक हजार ३२ गुठी सर्ङ्या रहेको उहाँले बताउनुभयो। त्यसैगरी अभियन्ता प्रफुल्लराज घिमिरेले जनकपुरधाममा वर्षौंदेखि गुठी जग्गाको दुरुपयोग भइरहे पनि सरोकारवालाले नै त्यसको संरक्षणका लागि ध्यान नदिएको गुनासो गर्नुभयो। उहाँले शक्ति र पहुँचको आधारमा जनकपुरधामको गुठी जग्गा दिनप्रतिदिन अतिक्रमणमा पर्न लागेकाले ठोस् कानुन बनाएर संरक्षणमा लाग्न सबैलाई आग्रह गर्नुभयो। कार्यक्रममा मधेश प्रदेशका अधिकांश जिल्लाका मालपोत तथा नापी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।




# चेन्नईमाथी पञ्जाबको रोमाञ्चक जित



■ टक नेपाल

काठमाडौँ । इन्डियन प्रिमियर लिग (आइपिएल) मा अन्तिम बलमा तीन रन जोड्दै पञ्जाबले चेन्नईमाथि रोमाञ्चक जित निकालेको छ। आइतबार राति चेन्नईमा भएको खेलमा पञ्जाबले ४ विकेटको जित निकाल्दै लिगमा ९ खेलबाट ५ जित सहित १० अङ्क बनाउन सफल भएको हो। चेन्नईको भने यो लिगमा चौंथो हार हो। टस जितेर पहिले ब्याटिङ गरेको चेन्नईले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर २ सय रन बनाएको थियो। उसका लागि डेभन कनवेले ५२ बलमा १६ चौका र १ छक्काको सहयोगमा ९२ रनको अविजित इनिङ खेले। त्यस्तै ऋतुराज गाइकवार्डले ३७ रन बनाउँदा शिवम् दुवेले २८ रन बनाए। त्यस्तै मोइन अलीले १० रन बनाउँदा रविन्द्र जडेजाले १२ रन बनाए। कप्तान महेन्द्र सिंह धोनीले १३ रनको अविजित इनिङ खेलेका थिए। २०१ रनको लक्ष्य पछ्याएको पञ्जाबले अन्तिम बलमा ६ विकेट गुमाएर लक्ष्य पुरा गरेको थियो। पञ्जाबका लागि प्रभसिम्रनले सर्वाधिक ४२ रन बनाउँदा कप्तान शिखर धवनले २८ रन बनाए। त्यस्तै लियम लिभिङस्टनले ४० रन बनाएका थिए। उसका लागि साम कुरानले २९ रन बनाउँदा जितेश शर्माले २१ रन बनाएका थिए। त्यस्तै सिकन्दर रजाले १३ रन बनाउँदा शाहरुख खान २ रनमा अविजित रहे।

# मुआब्जा नपाए सुख्खा बन्दरगाह ...

त्यसपछि भन्सार विभागले पनि रकम निकासाका लागि अर्थमन्त्रालयलाई आग्रह गरिसकेको भएपनि अहिलेसम्म रकम निकासा भएर नआएको न्यौपानले बताए । सरकारले अधिग्रहण गरेको ६२ बिघा जग्गामध्ये केही जग्गाधनीले गत आर्थिक वर्ष असारको अन्तिम साता मुआब्जा रकम पाएका थिए । तर त्यसपछि चालु आर्थिक वर्षमा मुआब्जा र कम वितरणको काम ठप्प छ । अर्थ मन्त्रालयले रकम निकासा नगर्दा मुआब्जा वितरणको काम अड्किएको सुख्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकारी न्यौपानेले बताए । उनका अनुसार अधिग्रहण गरिएको ९ सय २० कित्ता जग्गामध्ये हालसम्म ६ सय ८३ कित्ताको ४२ बिघा १५ कठ्ठा १६ धुर जग्गाको मुआब्जा र कम सम्बन्धित जग्गाधनीहरूले बुझेर लगिसकेका छन् । हालसम्म २ सय ८० जना जग्गाधनीले मुआब्जा बापत करिब ४ अर्ब रुपैयाँ बुझिसकेको उनले बताए। उनका अनुसार अब करिब १९ बिघा जग्गाको २ अर्ब ८० करोड रुपैयाँ मुआब्जा वितरण गर्न मात्रै बाँकी छ । यस बाहेक त्यस क्षेत्रमा पर्ने घर, रुख, कृषि, पोखरी, चापाकल आदिको पनि मुआब्जा दिनुपर्नेमा त्यसको भने सर्वे नै हुन नसकेको न्यौपानेको भनाइ छ। सरकारले २०७३ सालदेखि सिर्सियास्थित सुख्खा बन्दरगाह भन्सार कार्यालय र अलौंस्थित वीरगन्ज भन्सार मातहतको आइसीपी भन्सार बीचको ६२ बिघा जग्गा अधिग्रहण गरेको थियो। भूमिसुधार तथा मालपोत कार्यालय पर्सामा पत्र पठाएर उक्त जग्गा रोक्का गराएको थियो ।

## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

### बोलपत्र /शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मिति : २०८०/०१/१८

यस कार्यालयद्वारा तपशिलका निर्माण कार्य तथा मालसामानहरुको खरिदका लागि मिति २०७९/१२/१४ गतेको रास्ट्रीय दैनिक पत्रिका सिटि पोस्ट र द पब्लिक टुडेमा प्रकाशित बोलपत्र/शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र यस मनरा शिसवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दर्ता भएका सम्पूर्ण बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता/दरभाउपत्रदाताहरुको बोलपत्र/दरभाउपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| क्र.स. | ठेक्कान. | कार्यको विवरण | छनौट भएका बोलपत्रदाता /दर भाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ.कर र पी.एस बाहेक ) |
|---|---|---|---|---|
| | Mun/Manara/Goods/ NCB/11/2079/80 | हेण्ड पाईप खरिद तथा वितरण (वडा नं १ देखि १० सम्मको लागि ) | जलेश्वरनाथ ट्रेडर्स जलेश्वर-२,महोत्तरी | ३४,०८,३३०.०० |
| | Mun/Manara/Goods/ NCB/12/2079/80 | विद्यालयहरुमा छात्राहरुको लागि sanitary pad खरिद | नासा मेडिको सप्लायर्स भक्तपुर | १९,२३,४८०.०० |
| | Mun/Manara/Goods/ NCB/13/2079/80 | डिपबोरिंग जडान सकरी वार्ड -१० | महामाया ड्रिलिंग सेवा जनकपुर २२ | ३५,०६,१२२.२१ |

**प्रमुख प्रशासकीय अधिकृत**






# बर्दिबास १३ का वडा अध्यक्ष सिंहले गरे निजि स्रोतबाट खानेपानी समस्याको समाधान

**टक नेपाल**

बिजलपुरा । महोत्तरीको बर्दिबास नगरपालिका वडा नम्बर १३ स्थित रहेको खाने पानी वितरण कार्य शनिबार बाट पूनः सुचारु भएको छ । करिब दश महिनादेखि बन्द रहेको खानेपानी बर्दिबास नगर पालिका वडा नम्बर १३ मा वडा अध्यक्ष लक्ष्मण सिंहले आफ्नो निजि स्रोतबाट बाँकि रहेको विद्युत महसुल १ लाख रुपैया तिरेर सञ्चालनमा ल्याएको हो । स्थानीय प्रदिप महतोका अनुसार ६० घरधुरीमा खानेपानी वितरण भइरहेको छ। खुख्खायाममा खानेपानीको हाहाकार भएको थियो। स्थानीय घुरन महतोले एक दशक अघि खानेपानीको योजना निर्माण स्थलका लागि १ कठ्ठा जग्गा दान गरेका थिए । तर, अहिले






आएर जग्गाधनीले सम्झौता लागु गर्न नमान्दा खानेपानी वितरणमा पटक पटक समस्या उत्पन्न हुँदै आएको छ। खाने पानी स्थलमा जग्गाधनीले घर बनाएको छ। यसै कारण गत वर्ष असारदेखि खानेपानी वितरण बन्द भएको थियो । खानेपानी आयोजना समिति विहिन भएपछि वडा अध्यक्ष सिंहले आफ्नो जिम्मेवारीमा बिजलपुरा खानेपानी योजना ल्याएर खानेपानी आयोजना सञ्चालनमा ल्याएका छन् । बैशाखजस्तो सुख्खायाममा खानेपानीको चरम आभाव भएपछि चर्को आलोचना भएको थियो । वडा अध्यक्ष लक्ष्मण सिंहले पहल गरेर गाउँलेको घरघरमा खानेपानी पुर्याएका छन् । खानेपानी पाएपछि स्थानीयहरुले वडा अध्यक्ष सिंहलाई धन्यवाद दिएका छन् । साथै वडामा खानेपानी र सिचाईका लागि तीन वटा ईनार पनि निर्माण गर्न लागिएको वडाअध्यक्ष सिंहले बताए ।

# मुआब्जा नपाए सुख्खा बन्दरगाह ठप्प पार्ने पीडितको चेतावनी

**टक नेपाल**

वीरगन्ज । वीरगन्ज महानगर पालिकाको अलौं र सिर्सियामा सरकारले ६ वर्षपहिले अधिग्रहण गरेको जग्गाको मुआब्जा नपाएको भन्दै पीडितले आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। उनीहरूले वैशाख २५ गते भित्र मुआब्जा रकम नपाए वैशाख २६ देखि सुख्खा बन्दर गाहको सबै कारोबार ठप्प पार्ने चेतावनी पनि दिएका छन्। आइतबार जिल्ला प्रशासन कार्यालय र सुख्खा बन्दरगाह भन्सार कार्यालयमा ज्ञापनपत्र बुझाउँदै उनीहरूले मुआब्जा रकम नपाए सुख्खा बन्दरगाह ठप्प पार्ने चेतावनी दिएका हुन्। मुआब्जाका लागि ६ वर्षदेखि पटक पटक हारगुहार गर्दै आउँदा समेत सुनुवाइ नभएको भन्दै उनीहरूले



अब बन्दरगाहको कारो बार नै ठप्प पारेर निर्णायक आन्दोलनमा उत्रिने बताए । मुआब्जा संघर्ष समितिको अगुवाइमा पीडित जग्गाधनीहरले आइतबार पर्साका सहायक प्रमुख जिल्ला अधिकारी मदन घिमिरे र बन्दरगाह भन्सार कार्यालयका प्रमुख जयबहादुर भण्डारीलाई छुट्टा छुट्टै भेटेर ज्ञापनपत्र बुझाएका हुन्। यसअघि गत चैत २१ गते पनि उनीहरूले जग्गाको मुअब्जाको माग गर्दै बन्दरगाहमा प्रदर्शन गर्दै धर्ना दिएका थिए । त्यसबेला सुख्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष न्यौपाने ले आफूहरूले मुआब्जाका लागि पहल गर्ने आश्वासन दिएपछि जग्गाधनीहरूले धर्ना र प्रदर्शन स्थगित गरेका थिए। तर आश्वासन पाएको एक महिना पुग्न लाग्दा समेत मुआब्जाका लागि कुनै पहल नभएपछि एक हप्ताको अल्टिमेटसहितको ज्ञापनपत्र बुझाएको संघर्ष समितिका सदस्य परमेश्व प्रसाद तुराहाले बताए । पीडित मध्येकी बैजयन्ति मालालले भनिन्, 'कि त रोक्का भएको जग्गा फुकुवा हुनुपर्‍यो, नत्र हामीलाई तत्कालै मुआब्जा रकम दिनु पर्‍यो।सरकारले यसरी अनिर्णयको बन्दी बनाएर कहिलेसम्म राख्ने?' सुख्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकारी न्यौपानेले गत चैत २१ मा पीडितहरूले धर्ना दिएपछि बन्दरगाह भन्सार कार्यालयले मुआब्जा रकम निकासाका लागि पहल गरिदिन आग्रह गर्दै भन्सार विभागमा जानकारी गराइसकेको बताए।

-बाँकी पृष्ठ ३ मा

# डाटा हराएपछि पुनःदरखास्त आह्वानको प्रक्रिया सुरु गर्दै लोक सेवा



**टक नेपाल**

काठमाडौं । लोक सेवा आयोगले राष्ट्रिय सूचना प्रविधि केन्द्रको सर्भरमा देखिएको समस्याका कारण आवेदकको तथ्यांक (डाटा) हराएपछि पुनःदरखास्त आह्वानको प्रक्रिया सुरु गर्ने भएको छ । आयोगका प्रवक्ता तोयनारायण सुवेदीका अनुसार अघिल्लो वर्ष मङ्सिर, पुस र माघमा विभिन्न विज्ञापनमा दरखास्त दिएका आवेदकको विवरण आयोगसँग सुरक्षित रहेकाले त्यसैका आधारमा दस्तुर तिरिसकेका उम्मेदवारलाई मात्र उचित समय प्रदान र थप दस्तुर तिर्न नपर्ने गरी पुनःदरखास्त आह्वान प्रक्रियामा रहेको छ। अघिल्लो वर्ष मंसिरमा प्रकाशित राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरहको पदको विज्ञापन, पुसमा प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) नायव सुब्बा वा सो सरह पदको विज्ञापन र माघमा प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक) नायब सुब्बा वा सो सरहको र स्वास्थ्य सेवातर्फ पाँचौं तहको पदको विज्ञापनमा पेश भएका दर खास्तसम्बन्धी विवरणमा पहुँच पाउन नसकेको आयोगले जनाएको छ । आयोगले आज प्रेस विज्ञप्ति जारी गरी उक्त विज्ञापनका परीक्षा कार्यक्रम परिमार्जन गरी यथाशिघ्र नयाँ परीक्षा प्रकाशन गर्ने प्रक्रियामा आयोग रहेको उल्लेख गरेको छ । अघिल्लो वर्ष फागुन २३ गते देखि राष्ट्रिय सूचना प्रविधि केन्द्रको सर्भरमा देखिएको समस्याका कारण आयोगको अनलाइन प्रणाली अवरुद्ध भएको थियो ।

लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगीको संक्रमणबाट बच्ने एक मात्र उपाय हो ।

डेंगीका विरामी बढ्न सक्ने मौसमपूर्व नै डेंगीको संक्रमण देखिन थालेकाले, डेंगीको संक्रमण हुन नदिन लामखुट्टेको वृद्धि विकास रोकि लामखुट्टेको टोकाईबाट बच्न आवश्यक हुन्छ ।

डेंगीको संक्रमणबाट बच्ने उपायहरु
- सधैं झुल टाँगेर सुत्ने
- खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउने
- घरको झ्याल ढोकामा जाली हाल्ने
- सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्ने
- घरपालुवा पशुपंक्षी व्यवस्थित ढंगले पाल्ने
- घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो

मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com